ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २२१
१ जेठ २०८० सोमबार
15 May. 2023, Monday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

# अदालतले रोक्का गरेको जग्गा मालपोतले गरिदियो नामसारी




**कमलेश ठाकुर**

**बैशाख ३१ गते, जनकपुर**

धनुषाको मिथिला नगरपालिका-४, पुष्पवलपुरकी लक्ष्मीनियाँ ठाकुर चार वर्षदेखि जनकपुरधाम धाइरहेकी छन्। कहिले मालपोत त कहिले अदालत धाउने उनको दैनिकीजस्तै भएको छ ।

गएको बिहीबार र शुक्रबार पनि लक्ष्मीनियाँ काम हुने आसले जनकपुरधामस्थित भूमि सुधार तथा मालपोत कार्यालय पुगेकी थिइन् । तर, मुद्दा फाँटका एक कर्मचारी बिदामा भएका कारण उनको काम हुन सकेन । कार्यालय प्रमुख ताइब राइनले सधैँझैँ अर्को दिन काम हुने आश्वासन दिएर उनलाई फर्काए ।

यसरी नै लक्ष्मीनियाँ चार वर्षदेखि मालपोतको चक्कर लगाइरहेकी छन् । तर, काम कहिले हुने टुंगो छैन ।

जिल्ला अदालत धनुषाले रोक्का गर्न दिएको आदेश मालपोतका कर्मचारीले कार्यान्वयन नगर्दा उनका बुवा हरिदेव ठाकुरको अंशमा पर्ने जमिन नै बिक्री भइसकेको छ । बिक्री मात्र होइन, हरिदेवका भाइ कमलदेवले बैंकमा धितो समेत राखिसकेका छन्।

जग्गा रोक्का राख्ने विषयमा ०७६ चैत ३ गते अदालतले मालपोत कार्यालयलाई पत्राचार गरेको थियो । मालपोतले पत्र त बुझ्यो, तर न कार्यान्वयन गरियो न त त्यसबारे अदालतलाई जानकारी नै गराइयो ।

मालपोतले अदालतको पत्र बुझेका कारण जग्गा बिक्री नहुनेमा लक्ष्मीनियाँ विश्वस्त थिइन् । तर, रोक्का गरिएको एक वर्ष नबित्दै त्यही जग्गा कमलदेवले बिक्री गरिसके । करिब १० कट्ठा सोही जमिन बैंकमा धितो समेत राखेका छन् । मालपोतका कर्मचारीले कमलदेवसँग आर्थिक लेनदेन गरी जग्गा अरूका नाममा नामसारी गरिदिएको लक्ष्मीनियाँको आरोप छ ।

०७८ साउन २६ गते पुष्पवलपुर-५ को २८७ कित्ता नम्बरको एक कट्ठा तीन धुर २५ कन्मा जग्गा कमलदेवले उनकी नातेदार गीतादेवी ठाकुरलाई नामसारी गरिदिएको देखिन्छ । जग्गा रोक्काको आदेश भएको करिब डेढ वर्षपछि यो नामसारी गरिएको थियो ।

सोही मितिमा पुष्पवलपुर-४ 'क' को ५०४ कित्ता नम्बरको दुई कट्ठा १० कन्मा जग्गा पनि गीतादेवीकै नाममा नामसारी गरिएको थियो । यी दुई कित्ताबाट ऋण नलिएका कारण नामसारी बदर भएको छ । तर, नौ कट्ठा १२ धुर ३५ कन्मा जग्गा बैंकमा धितो राखेका कारण नामसारी बदर भएन । ०७८ भदौ ४ गते १०९ र ११० कित्ता नम्बरको दुई कट्ठा १६ धुर चार कन्मा जग्गा कमलदेवकी श्रीमती सुनीतादेवीको नामबाट शिवकुमारीको नाममा नामसारी भएको देखिन्छ । यी दुई कित्ता साना किसान कृषि सहकारी संस्था लिमिटेड पुष्पवलपुरमा धितो राखिएका कारण नामसारी बदर भएको छैन ।

यस्तै, कित्ता नम्बर ४९०, ४९३ र ४९६ नम्बरका कमलदेवको नाममा रहेको जग्गा सिभिल बैंक ढल्केबरमा धितो राखिएको छ ।

तत्कालीन समय अदालतको पत्र मुद्दा फाँटका कर्मचारी श्यामबाबु मण्डलले बुझेका थिए । अहिले उनी सोही कार्यालयमा अर्को फाँटमा कार्यरत छन् । तत्कालीन कार्यालय प्रमुख सुनील झा घुस लिएको आरोपमा अहिले थुनामा छन् । झापछि आएका साबिर महतोको एक साताअघि सरुवा भएर अहिले ताइब राइन कार्यालय प्रमुख छन् । यो अवधिमा तीन कार्यालय प्रमुख आए पनि लक्ष्मीनियाँको समस्या यथावत् छ ।

**कर्मचारी जोगाउन चलखेल**

कुन कर्मचारीले अदालतको अवहेलना गरेको भन्दै जिल्ला अदालत धनुषाले ०७८ फागुन ६ गतेदेखि हालसम्म तीनवटा पत्र मालपोत कार्यालयमा पठाएको छ । तर, कार्यालयले त्यसको जवाफ दिएको छैन । कर्मचारी नै दोषी देखिएकाले विवरण नदिइएको स्पष्ट बुझिन्छ ।

१८ दिनयता भने लक्ष्मीनियाँ उक्त पत्र लिएर नियमित मालपोत कार्यालय धाइरहेकी छन् ।

कानुनी ज्ञानको अभावका कारण समस्या निम्तिएको मालपोतको मुद्दा फाँटका कर्मचारी बब्लु कापर बताउँछन् । कर्मचारी कानुनी ज्ञाता नभएका कारण गल्ती भएको उनले स्वीकार गरे । धितोबाहेकको जग्गा नामसारी बदर भइसकेको भन्दै पन्छिन खोजे ।

कार्यालय प्रमुखसँग छलफल गरेर दोषी कर्मचारीको विवरण दिने आश्वासन समेत उनले दिए । कार्यालय प्रमुख राइन यस विषयमा अनविज्ञ देखिए । तर, फाँटका कर्मचारीसँग कुरा गरेर समस्या समाधान गरिने उनले बताए ।

# पेस्तोलसहित एक भारतीय पक्राउ




**महोत्तरी**/प्रहरीले एक भारतीय युवकलाई महोत्तरीबाट पेस्तोल र गोलीसहित नियन्त्रणमा लिएको छ ।

जिल्लाको एकडरा गाउँपालिका ४ हल्खोरी बजार स्थित भारतबाट नेपाल तर्फ आउँदै गरेका भारतको जिल्ला सितामढी बाजोपट्टी गाउँ ६ बस्ने २६ वर्षीय पप्पु यादवलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

प्रहरीले शंकाको आधारमा युवकलाई चेकजाँच गर्दा भारतमा निर्मित पेस्तोल १ थान र त्यसको गोली ५ राउण्ड बरामद गरेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलीप कुमार गिरीले जानकारी दिए ।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# श्रीमानले आगो लगाएर हत्या प्रयास गरेको श्वेतालाई मिलापत्रको लागि दबाब

**खबर दर्पण समाचारदाता**

**बैशाख ३१ गते, जनकपुर**



गत बैशाख १ गते श्रीमान र घर परिवारबाट शरीरमा आगो लगाएर हत्या प्रयास गरिएको पीडित श्वेता झाले आफूमाथि मिलापत्रका लागि चौतर्फि दबाब आइरहेको बताएकी छन् ।

२८ वर्षीया श्वेतालाई उनका श्रीमान राजिव झा, देवर कमलेश झा र सासु द्रौपदी झा मिलेर दहेजका लागि शरीरमा आगो लगाएर हत्याको प्रयास गरेका थिए । श्वेताको पेटदेखि तल्लो भागसम्म ३५ प्रतिशत जलेको छ ।

आइतबार पत्रकारसँगको कुराकानीमा श्वेताले आफूमाथि घटना मिलापत्रका लागि प्रहरी प्रशासन र कानून व्यवसायीहरुले दबाब दिइरहेको सुनाइन् ।

उनले भनिन्, 'इलाका प्रहरी कार्यालय फूलगामाका प्रहरी निरीक्षकलगायत कानून व्यवसायी रेखा झाले पनि मलाई मिलापत्र गर्न भनिरहेका छन् । तर, म अब मिलापत्र चाहँदिन । भोलि फेरि यस्तो घट्ना नदोहोरिने कुनै ग्यारेन्टी छैन । यस्तो अवस्थामा मेरो दुई सन्तानलाई कसले हेर्छन ? म अब आफ्नो श्रीमानसँग छुट्टिएर आफ्नो सन्तानको हक अधिकार मात्रै खोजिरहेकी छु ।'

उनले प्रहरीले श्रीमान राजिव झालाई पक्राउ गरिसकेपनि अहिलेसम्म देवर र सासुलाई पक्राउ गर्न नसक्नु दुःखद रहेको बताइन्।

श्वेताले यसअघि पनि पटक पटक राजिव र उनको परिवारका सदस्यहरुले आफूलाई कुटपिट गर्दै आएको दुःखेसो पोखिन् । उनले आफ्नो सन्तानहरु पनि अहिलेसम्म घरवारविहिन रहेको र आफूहरु अहिले धेरै पीडामा रहेको बताइन् ।

श्वेताका पिता जयनारायण झाले बिहे भएको एक वर्षमै छोरीलाई विभिन्न बहानामा उनीहरुले कुटपिट गर्दै आएको बताए । उनले

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# सीपमुलक शिक्षाको आवश्यकता


मुलुकमा नयाँ शैक्षिक सत्र सुरु भएको छ। विद्यालय भर्ना अभियानदेखि पठनपाठनका नयाँ नयाँ पद्धति घोषणा भएको छ। हरेक वर्ष नयाँ शैक्षिक सत्र सुरु भएपछि विद्यालय शिक्षाको विकासका लागि जनाइने प्रतिबद्धता र प्रचारका लागि सार्वजनिक गरिएका योजना कहीँ कतै कार्यान्वयनमा आएका हुँदैनन्। सामुदायिक विद्यालयमा सरकारी लक्ष्य अनुरूप विद्यार्थी टिकाउने र बढी भर्ना गर्नुपर्ने बाध्यता, निजी विद्यालयलाई पनि बढीभन्दा बढी विद्यार्थी आकर्षित गरी बढी कमाउने आकाङ्क्षा हुन्छ।

यी दुवै शैक्षिक गुणस्तर र विद्यार्थीको सिकाइका लागि बाधक पक्ष हुन्। नेपालमा शिक्षाको अर्थ, परिभाषा र सान्दर्भिकता केही दशकयता बदलिएको छ। शिक्षा पाउनु भनेको विद्यालय-कलेज उत्तीर्ण गर्नु र विदेश जानु जस्तो देखिएको छ। वर्षको आधा लाखभन्दा बढी विद्यार्थी अध्ययनका लागि विदेश जानु यसैको सङ्केत हो। नेपालको शिक्षा पद्धतिमाथि अनेक किसिमका प्रश्न उठेका छन्। निजी हुन् वा सामुदायिक विद्यालय तहको शिक्षालाई गम्भीर रूपमा समीक्षा गरेर समयोचित, व्यावहारिक र सिपमूलक बनाउन सकिएन भने हाम्रो देशको शैक्षिक जनशक्ति गरिखान सक्ने बन्दैन। यसका लागि किताबी अध्यापनसँगै व्यावहारिक र सिपमूलक तालिम दिनै पर्छ। सिपमूलक तालिम र अभ्यासमा माध्यमिक तहका विद्यार्थीलाई समावेश गर्न सके एकातिर देशको युवाशक्तिलाई विदेश पलायन हुनबाट बचाउन सकिन्छ भने अर्कातिर स्वदेशमै उनीहरूले केही गरिखाने क्षमताको विकास हुने छ। गर्न सकिन्छ भन्ने आत्मविश्वास जाग्ने छ। यसबाट मुलुकको अर्थतन्त्र सबल बन्न सघाउ पनि पुग्छ। अहिले विदेशमा अध्ययन गर्न जाने नेपालीले मात्रै पचासौँ अर्ब रुपियाँ लग्ने गरेका छन्। यसको एउटै कारण मुलुकको शिक्षाको गणस्तरमाथिको प्रश्न, सिप तथा क्षमताको अभाव अनि व्यावहारिकतालाई बेवास्ता गरिनु हो।

हामीले विद्यार्थीलाई सैद्धान्तिकसँगै व्यावहारिक र सिपमूलक शिक्षालाई प्राथमिकता दिने हो भने यो देशका युवालाई स्वदेशमै राख्न सक्ने छौँ। अहिले मुलुकमा सामान्य श्रमिकदेखि विज्ञहरूको ठूलो अभाव छ। ठुला विकास आयोजनामा दक्षदेखि ज्यामीसम्म विदेशी आउने गरेका छन्। नेपाली युवा काम नपाएर दैनिक दुई हजारभन्दा बढी विदेशिने तर स्वदेशका परियोजनालाई जनशक्ति नहुने। यो विरोधाभाषी पक्षको अन्त्यका लागि सिप अत्यावश्यक छ। यसका लागि सरकारले विशेष गुरुयोजना बनाएर देशभर सामुदायिक तथा निजी विद्याललयमा कडाइका साथ लागु गराउनु पर्छ।

# नागरिक बनाउने कि शरणार्थी ?

- मनोज जोशी




मुलुकको वर्तमानदेखि भविष्यसम्मको रूपरेखा कोर्ने नीति बनाउनेदेखि राज्य सञ्चालनसम्मका काम राजनीतिको माध्यमबाटै हुने भएकाले राजनीतिलाई नीतिहरूको पनि नीति मानियो। नागरिकलाई अवसरसँगै अधिकार प्रदान गर्नेदेखि मुलुकलाई दिशानिर्देश गर्नेसम्मका काम राजनीतिकै माध्यमबाट हुने भएकाले यसलाई बृहत् ढंगले हेरिन्छ। राजनीतिको कोर्स कसरी अघि बढ्छ, त्यसैले त्यो देश र त्यहाँ बसोबास गर्ने जनताको भाग्य र भविष्य निर्धारण गर्छ। त्यो राजनीतिक कोर्समा सहभागी हुने राजनीतिक खेलाडीको सोच र क्षमताले पनि उक्त देश कस्तो हुन्छ भन्ने निर्धारण गर्छ।

भनिन्छ, 'जब राजनीतिक नेतृत्वले सुझबुझपूर्ण निर्णय लिन्छ, शरणार्थी बनेका व्यक्ति पनि नागरिक बन्न सक्छन्। तर जब राजनीतिक नेतृत्वले गलत कुरालाई अनुशरण गर्छ तब नागरिक पनि शरणार्थी बन्न वा बनाइन सक्छन्।' नेपालमा महत्त्वपूर्ण राजनीति र प्रशासनिक पदमा बहाल भएका व्यक्तिको संलग्नता र करोडौंको लेनदेन तथा उक्त घटनामा संलग्नहरूको संरक्षणका लागि शीर्ष तहको राजनीतिक नेतृत्वको भूमिकाले यस भनाइलाई अझ पुष्टि गर्छ। आफ्ना नागरिकलाई आफ्नै देशभित्र गर्वका साथ बस्न सक्ने वातावरण बनाउनुपर्ने राजनीतिक नेतृत्व र राज्य संयन्त्रकै संरक्षण र प्रवर्द्धनमा कसरी नागरिकलाई नागरिकता त्यागेर शरणार्थीसम्म बनाउने प्रपञ्च र प्रयास हुन्छ। जुन कुरा पछिल्लो घटना नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पुर्‍याउने भन्दै पैसा करोडौं रकम असुली गर्ने घटनाले पुष्टि गर्छ।

सामान्यतया आपराधिक घटना राज्य संयन्त्रको आँखा छलेर गरिन्छ। तर यो घटनामा कानुनको कार्यान्वयन तथा गृह प्रशासन सञ्चालन गर्ने तालुकदार मन्त्रालयका तत्कालीन बहालवाला गृहमन्त्री र गृहसचिवको प्रत्यक्ष संलग्नता र संरक्षणमा भएको छ। यसका तारहरू तत्कालीन प्रधानमन्त्रीहरूसँग समेत जानसक्ने प्रारम्भिक संकेतहरू देखिएका छन्। यो घटनाले समग्र राज्य कसरी आफ्नै नागरिकलाई शरणार्थी बनाउन लागि परेको छ भन्नेकुरा प्रष्टरूपमा झल्काएको छ। भुटानी शरणार्थी प्रकरणमा राज्यसंयन्त्र नै कसरी आपराधिक गतिविधिमा संलग्न हुन्छ भन्ने एउटा प्रतिनिधिमूलक घटना हो। जुन प्रकरण र तस्करीको घटनामा प्रहरीले अनुसन्धान गर्दैछ।

राज्यकोषको दुरुपयोग गर्दै भ्रष्टाचार गर्नेदेखि विगतमा पनि आपराधिक गतिविधिमा राजनीतिक नेतृत्वको संलग्नता भएका धेरै यस्ता घटना छन्। जसबारे नागरिकले बारम्बार प्रश्न उठाउँदै अनुसन्धान र छानबिनका लागि आग्रह गर्दै आएका छन्। तर ती घटनाको छानबिन हुँदा राजनीतिकसँगै प्रशासनिक नेतृत्वसमेत कारबाहीको दायरामा आउने भएकाले त्यस्ता घटनाका फाइल खोल्ने प्रयास हुँदैन। नागरिकका अगाडि कानुनी शासनको वकालत गर्ने राजनीतिक र प्रशासनिक नेतृत्व कसरी आपराधिक गिरोहमा समाहित हुँदै गइरहेको छ भन्ने कुराको ज्वलन्त उदाहरण नेपाली कांग्रेसका प्रभावशाली नेता एवं पूर्व गृहमन्त्री बालकृष्ण खाँड हुन्। यसरी पक्राउ पर्नुपूर्व उपप्रधानमन्त्री एवं एमाले सचिव टोपबहादुर रायमाझीविरुद्ध पक्राउ पूर्जी जारी हुनु र पूर्व गृहसचिव टेकनारायण पाण्डे पक्राउ पर्नु नै हो। यो घटनामा संलग्नहरूको तार अझ माथिसम्म जोडिएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ।

अनुसन्धानले राजनीति वा कर्मचारी तन्त्रमा एक/दुई व्यक्तिमात्र बदमास छन् भन्ने कुरालाई गलत सावित गरेको छ। यसले समग्र राज्यसत्ता नै आपराधिक गिरोहमा परिणत हुँदै गइरहेको संकेत गर्छ। कुनै देशको भविष्य कस्तो बनाउने भन्ने कुरा त्यहाँ काम गर्न सक्ने जनशक्ति र स्रोतसाधन कति छ भन्नेमा निर्भर रहन्छ। नेपालको हकमा देश विकासका लागि आवश्यक पर्ने युवा जनशक्ति महत्त्वपूर्ण संख्यामा छ। प्राकृतिक स्रोतसाधनका हिसाबले पनि नेपाल उर्भरभूमि मानिन्छ। इमान्दारीका साथ प्रयत्न गर्ने हो भने त्यसलाई उपभोग गर्न आवश्यक पर्ने आर्थिक स्रोत जुटाउन पनि खासै ठूलो समस्या पर्दैन। तर विडम्बना राजनीतिक नेतृत्वकै कारण युवा जनशक्ति नेपालमा बस्न सक्ने अवस्थामा छैनन्। क्षमतावान र सम्भावना बोकेका युवा उच्च शिक्षा हासिल गर्ने नाममा र बाँकी काम गर्न सक्ने युवालाई पनि राज्यले नै श्रम गन्तव्य खोजी खोजी पठाउने गरेको छ। बाँकीलाई राज्यसंयन्त्रले गैरकानुनी रूपमा पैसा असुल गर्दै शरणार्थी बनाउने र विदेश पठाउने धन्दा चलाइरहेको छ।

अर्कोतर्फ राज्यले नीति बनाएर प्राकृतिक स्रोतसाधनको सदुपयोग गर्दै राज्यको हितमा लगाउनुपर्ने हुन्छ। तर शक्तिमा हुने केहीले व्यक्तिगत फाइदा हुनेगरी स्रोतसाधनको दोहन गरिरहेछन्। प्राकृतिक विपत्ति निम्त्याउने गरी प्राकृतिक स्रोतको दोहनमा राजनीतिक नेतृत्वकै संलग्नता र संरक्षण देखिन्छ। यसले राज्यसंयन्त्र र राजनीतिक नेतृत्व, मुलुक र जनताको भविष्यको रूपरेखा कोर्ने होइन, बरु देश र जनतालाई डुबाएरै भए पनि व्यक्तिगत हित र स्वार्थ प्रवर्द्धनमा लिप्त भइरहेको देखिन्छ। जसले देशको अवस्था अधोगति र जनता नागरिक होइन, शरणार्थी बन्ने दिशातर्फ अघि बढेको संकेत गरिरहेको छ। तर सत्य के हो भने जसरी पानीमा तैरिरहेको जहाजलाई त्यसभित्रका मुसाहरूले प्वाल पारेपछि मुसाहरू पनि जहाजसँगै डुब्छन्। ठिक त्यसरी नै नेपालरूपी जहाजभित्र पनि प्वाल पार्ने मुसाहरू अन्ततः पानीमै समाहित हुनेछन्। गलत बाटोबाट हिँडेर सही गन्तव्यसम्म पुगिँदैन। जुन अकाट्य ध्रुवसत्य हो।

अन्नपूर्णपोष्टबाट

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं । दुर्घटनाबाट आफू पनि बचौं अरुलाई पनि बचाऔ ।**

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# पक्राउ पर्दा रक्सीले झुमिरहेका थिए टोपबहादुर

**खबर दर्पण समाचारदाता**

**बैशाख ३१ गते, जनकपुर**

नेपाल प्रहरीको विशेष ब्यूरोले ११ दिनदेखि फरार पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीलाई आइतबार बेलुका पक्राउ गर्‍यो। बुढानीलकण्ठस्थित अर्घाखाँचीकै एक कार्यकर्ताको घरमा उनी लुकेर बसेका थिए।

प्रहरीले पक्राउ गर्दा टोपबहादुर रक्सी खाएर झुम्मिएको अवस्थामा फेला परेका थिए। स्वास्थ्य जाँचका क्रममा उनले मदिरा पिएको पुष्टि भएको छ। उनले डाक्टरलाई एक गिलास बियर खाएको जवाफ दिए।

विशेष ब्यूरोले पक्राउ गरेर रायमाझीलाई काठमाडौं परिसरमा बुझाएपछि परिसरबाट राति नै कान्तिपुर अस्पताल तीनकुने लगिएको थियो।

रायमाझीले आफूले एक गिलास मात्रै बियर खाएको जवाफ दिए पनि प्रहरीले भने उनी रक्सीमा झुम्म भएको अवस्थामा रहेको बताएको छ।

यसअघि फरार रहँदा उनले संसद्लाई पत्र पठाउँदै आफू बिरामी भएको बताएका थिए।

स्वास्थ्य जाँचपछि रायमाझीलाई राति नै प्रहरीको सोह्रखुट्टे वृत्तमा लगिएको थियो। उनलाई त्यहाँको हिरासतमा राखिएको छ। शरणार्थी प्रकरणमा पक्राउ परेका आरोपितलाई छुट्टाछुट्टै हिरासतमा राखिएको छ।

पूर्वगृहमन्त्री बालकृष्ण खाँणलाई काठमाडौं प्रहरी परिसर टेकुमा राखिएको छ।

नेपालीलाई भुटानी शरणार्थी बनाएर ठगी गरेको आरोपमा अहिलेसम्म १३ जना पक्राउ परेका छन्। टोपबहादुरका छोरा सन्दीप वैशाख २० गते नै पक्राउ परेका थिए। उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा राखिएको छ।

**बूढानीलकण्ठमा अर्घाखाँचीकै कार्यकर्ताको घरमा लुकेका थिए टोपबहादुर रायमाझी**

११ दिनअघिदेखि फरार टोपबहादुर रायमाझीलाई प्रहरीले अर्घाखाँचीकै एक व्यक्तिको घरमा फेला पारेको छ। अर्घाखाँचीका घरभएका एक कार्यकर्ताको बूढानीलकण्ठस्थित घरमा लुकेको अवस्थामा उनलाई प्रहरीले फेला पारेको छ।

'उहाँलाई जिल्लावासिले नै सेल्टर दिएको पाइयो, अर्घाखाँचीकै एक व्यक्तिको घरमा लुकेको अवस्थामा पक्राउ गरिएको हो। ती व्यक्ति उहाँकै कार्यकर्ता भएको बुझिएको छ', प्रहरी उच्च स्रोतले नेपालखबरसँग भन्यो।

वैशाख २० गते पक्राउ पुर्जी जारी भएपछि अनुसन्धानमा सहयोग गर्छु भन्दै रायमाझी भागेका थिए।

उनलाई पक्राउ गर्न प्रहरीले देशभरका युनिटमा सर्कुलर गरेको थियो। भारत भागेको आशंकामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलि पनि परिचालन गरिएको थियो।

रायमाझीले केही दिनअघि मात्रै आफू बिरामी रहेको भन्दै संसदमा पत्र पठाएका थिए। त्यसपछि प्रहरीले उनको खोजि थप तिब्र बनाएको थियो।

रायमाझीको पत्र संसदमा लैजाने व्यक्तिको समेत खोजि गर्दै प्रहरीले शनिबारदेखि उनलाई नै ट्र्याक गरेको थियो। तर रायमाझीले प्रहरीलाई नै झुक्याउने गरी मुभमेन्ट गर्दा पक्राउ गर्न समय लागेको प्रहरी स्रोतले बतायो।

अर्घाखाँचीबाट बुटवल फर्किने क्रममा रायमाझी वैशाख २० गते साँझ फरार भएका थिए। त्यसैसाँझ काठमाडौं फर्किने हवाई टिकट लिइसकेका उनले अन्तिममा टिकट रद्द गरेका थिए।

त्यसै साँझ प्रहरीले उनका छोरा सन्दीपलाई भने बुटवलबाट पक्राउ गरेको थियो। नक्कली भुटानी शरणार्थीका नाममा रायमाझी बाबुछोराकै संलग्नता रहेको आरोप छ।

टोपबहादुर पक्राउ परेसँगै यो प्रकरणमा १३ जना पक्राउ परेका हुन्। यसअघि पूर्वगृहमन्त्री बालकृष्ण खाँण, पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राईसहित १२ जना पक्राउ परेका थिए।

अझै केही फरार छन्। आइतबार मात्रै यसअघि पक्राउ परेकाविरुद्ध अनुसन्धान गर्न अदालतले ४ दिन म्याद थप गरेको छ।

**मध्यराति छिरेका थिए काठमाडौं**

फरार पूर्वमन्त्री एवम् सांसद टोपबहादुर रायमाझी काठमाडौंबाट पक्राउ परेका छन्। ११ दिनअघि अर्घाखाँचीबाट बुटवल फर्किने क्रममा रायमाझी फरार भएका थिए।

वैशाख २० गते पक्राउ पुर्जी जारी भएको सूचना बाहिरिएकै साँझ रायमाझी भागेका थिए।

बुटवलबाट फरार भएका उनलाई प्रहरी प्रधान कार्यालयको विशेष टोलीले बुढानिलकण्ठस्थित एक घरबाट पक्राउ गरेको हो।

रायमाझीलाई प्रहरीले शनिबारदेखि नै ट्र्याक गरेको थियो। प्रहरी उच्च स्रोतले भन्यो, 'हामीले हिजैदेखि ट्र्याक गरेका थियौं। उहाँ पटक पटक बाटो परिवर्तन गर्दै मध्यराति काठमाडौं छिर्नु भएको थियो। आज दिनभर लगाएर पत्ता लगायौं।'

टोपबहादुरलाई पक्राउ गर्न प्रहरी महानिरीक्षक वसन्त कुँवरले विशेष टोली परिचालन गरेका थिए। आईजीपी कुँवरलाई नै फोन गरेर आफैं उपस्थित हुने बताएका रायमाझी पक्राउ नपर्दा उनीमाथी दबाब बढेको थियो।

आफैं उपस्थित हुने बताएका रायमाझी भागेपछि एमालेले पार्टीबाट निलम्बन गरिसकेको छ। रायमाझीले केहीदिन अघि मात्रै संसदमा बिरामी भएको पत्र पठाएका थिए।

प्रहरीले उनको पत्र संसदमा लैजाने व्यक्तिको समेत खोजि गरेको थियो। संसदबाट सीसीटिभी फुटेज लगेर समेत अनुसन्धान गरेको थियो।



## टोपबहादुर रायमाझी पक्राउ

नक्कली भुटानी शरणार्थी प्रकरणमा फरार टोपबहादुर रायमाझी पक्राउ परेका छन्।

आइतबार साँझ उनलाई बुढानीलकण्ठको पासीकोटबाट नियन्त्रणमा लिइएको प्रहरी उच्च स्रोतले जानकारी दिएको छ।

रायमाझीविरुद्ध गत वैशाख २० गते पक्राउ पुर्जी जारी गरिएको हो। सोही प्रकरणमा पूर्वगृहमन्त्री बालकृष्ण खाँणलाई प्रहरीले पक्राउ गरिसकेको छ।

उनलाई प्रहरी प्रधान कार्यालयको विशेष टोलीले पक्राउ गरेको हो। उक्त प्रकरणमा उनका छोरा सन्दीपलाई वैशाख २० गते बुटवलबाट पक्राउ गरेको थियो।

अहिलेसम्म यो प्रकरणमा १२ जनालाई प्रहरीले पक्राउ गरिसकेको छ।

# अनुसन्धानमा हस्तक्षेप भए सरकारलाई सहयोग गर्दैनौं: माधव नेपाल



नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले नक्कली शरणार्थी प्रकरणमा प्रहरीले गर्ने छानविनलाई सरकारले हस्तक्षेप गर्न खोजेमा आफ्नो पार्टीको सहयोग नरहने बताएका छन्।

पार्टीको उपत्यका र सम्पर्क विशेष प्रदेश कमिटीले शनिबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा अध्यक्ष नेपालले सङ्गठित अपराधका रूपमा रहेको उक्त विषय राष्ट्रका विरुद्ध भएकाले सरकार संवेदनशील हुनुपर्ने बताए।

सरकारले घटनालाई ढाकछोप गरी कमजोर बनाउन खोजेमा साथ दिनुपर्ने बाध्यता नरहेको प्रष्ट पार्दै उनले कानुन सबैलाई समान रहेकाले उच्च ओहोदामा रहेका व्यक्तिलाई उन्मुक्ति दिन नहुने बताए।

कम्युनिष्ट सिद्धान्तमा आबद्ध नेता नै देशद्रोही काममा संलग्न हुनु दु:खदायी विषय भएको उनको भनाइ थियो ।

अध्यक्ष नेपालले माओवादी र कांग्रेसका कतिपय व्यवहारबाट आफू सन्तुष्ट नरहेकाले सचेत गराउनु पार्टीको कर्तव्य रहेको बताए।

उनले अहिले पनि नेकपा ब्युँत्याउने उद्देश्यले साना छरिएका कम्युनिष्ट शक्तिलाई एकताबद्ध बनाउन गृहकार्य भइरहेको जानकारी दिए।

# नक्कली शरणार्थी प्रकरण– आजदेखि बालकृष्ण खाँणको बयान



नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका पूर्वगृहमन्त्री बालकृष्ण खाँणको आज (सोमबार) देखि बयान हुने भएको छ।

यसअघि सरकारी वकिल र प्रहरीले उनका निजी सचिव नरेन्द्र केसी र पूर्वगृहसचिव टेकनारायण पाण्डेको बयान आइतबार सकेको छ।

योसँगै खाँणअघि पक्राउ परेका ११ जनाको बयान सकिएको छ। तर सरकारी वकिल कार्यालय र प्रहरीले आवश्यक परे थप बयान लिन सक्नेछन्।

अब आजदेखि नेपाली कांग्रेसका केन्द्रीय सदस्य खाँणको बयान थालिने भएको हो। जिल्ला अदालत काठमाडौंले यो मुद्दा अनुसन्धानका लागि खाँणविरुद्ध थप चार दिन समय दिएको छ।

यसैबीच सोही प्रकरणमा फरार पूर्वउपप्रधानमन्त्री टोबहादुर रायमाझी पनि आइतबार साँझ पक्राउ परिसकेका छन्। योसँगै नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ पर्नेको संख्या १३ पुगेको छ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**क्षीरेश्वरनाथ नगरपालिका**
**महेन्द्रनगर, धनुषा**

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०   प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**
मिटिङ्ग हल, पार्टी पैलेश
गौशाला नगरपालिका- ३, निगौल (नरसिंङ पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

सूचना !   सूचना !!!   सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्वर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

कमला नदी नियन्त्रण आयोजना , जनकपुर

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**सबैला नगरपालिका,**
**सबैला, धनुषा**

# सप्तरीमा २१ वर्षीय एक युवकको हत्या

**राजविराज -** सप्तरीको रुपनी गाउँपालिकामा आइतबार बिहान एक युवकको हत्या भएको छ । रुपनी गाउँपालिका १ रायपुरस्थित राजाराम यादवको खेतमा शम्भुनाथ नगरपालिका २ खैरबनाका मो. लुकमानका छोरा २१ वर्षीय मो. तफेजुलको शव फेला परेको सप्तरीका प्रहरी प्रमुख एसपी नरेन्द्रकुमार कार्कीले जानकारी दिए।

तफेजुललाई राति नै हत्या गरी खेतमा फालेको विषयमा अनुसन्धान सुरु गरिएको छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामबाट तालिमप्राप्त कुकुर मगाएर अनुसन्धान सुरु गरिएको कार्कीले बताए ।

प्रारम्भिक अनुसन्धानपछि मात्र हत्याको प्रकृति र कारण खुल्ने उनले बताए । प्रहरीले शंकास्पद तीन जनालाई नियन्त्रणमा लिएको एसपी कार्कीले बताए ।

# कृषि प्रधान देशमा दक्ष जनशक्ति उत्पादन गर्न यस विश्वविद्यालयले ठूलो मद्दत पुग्ने : उपेन्द्र यादव




**खबर दर्पण समाचारदाता**

**बैशाख ३१ गते, सप्तरी**

सप्तरीको राजविराजस्थित मधेश कृषि विश्वविद्यालयमा आइतबार कृषि स्नातक कक्षाको शुभारम्भ गरिएको छ । मधेश कृषि विश्वविद्यालयद्वारा आयोजित समारोहबीच जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव तथा मधेश प्रदेशका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महेश प्रसाद यादवले संयुक्त रुपमा कृषि स्नातक कक्षाको शुभारम्भ गरेका छन् ।

कार्यक्रममा जसपा अध्यक्ष यादवले कृषि प्रधान देशमा दक्ष जनशक्ति उत्पादन गर्न यस विश्वविद्यालयले ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

उनले कृषिमा क्रान्ति भए मात्र देशमा व्याप्त गरिबी र बेरोजगारी समस्याको अन्त्य हुने बताए । 'विश्वका विभिन्न मुलुकहरु कृषिकै कारण समृद्ध भएको छ तर नेपाल जस्तो कृषि प्रधान देशले उर्वरभूमि हुँदा पनि प्रगति गर्न सकेन' उनले भने, 'नेपालमा वर्षेनि चार खर्बको खाद्यान्न लगायतका सामग्रीहरु आयात हुँदै आएको छ, यो अन्यन्तै दुखद् हो ।'परम्परागत खेतीले जीवन निर्वाह भए पनि प्रगति गर्न नसकिने दाबी गर्दै उनले कृषिमा आधुनिकीकरण आवश्यक रहेकोले कृषि र शिक्षालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए ।

'किसानलाई प्रविधिसँग जोडेर कृषि क्षेत्रलाई प्रविधिमैत्री बनाइ उत्पादन एवम् रोजगारमूलक बनाउनुपर्छ' उनले भने, 'कृषि क्षेत्रलाई विज्ञान-प्रविधिसँग जोडेसँगै नेपाल उत्कृष्ट मुलुक बन्ने कुरा निश्चित छ ।'जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष समेत रहेका यादवले शिक्षाको स्तर खस्किँदै गएको प्रति चिन्ता व्यक्त गर्दै गुणस्तरीय शिक्षामा जोड दिए ।

मधेश प्रदेशमा कृषि विश्वविद्यालय स्थापना भइ कक्षा समेत सञ्चालन हुन लागेकोमा खुशी व्यक्त गर्दै उनले भने, 'अब कृषि सम्बन्धी अध्ययन अनुसन्धानका साथै दक्ष जनशक्ति उत्पादनमा योगदान हुनेमा आशावादी छु ।'मधेश कृषि विश्वविद्यालय राजविराजमा स्थापना हुँदा केही व्यक्तिहरुले बोर्ड मात्रै झुण्ड् याएको भन्दै कक्षा पनि सञ्चालन हुन्छ र भनी मजाक समेत उडाए' उनले थपे, 'आज कृषि विश्वविद्यालयले बीएसी एजीको पठनपाठन सञ्चालन गर्दैछ, यो नै मजाक उडाउनेहरुका लागि जवाफ हो।

'मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेश सरकारले आवश्यकता र औचित्यको आधारमा कृषि, सिंचाई, शिक्षा लगायतका छुट्टै मन्त्रालयहरु विस्तार गरी अगाडि बढेको बताए । 'विषयगत मन्त्रालय भएपछि सम्बन्धित विषयमा काम गर्न सहज हुनेछ' उनले भने, 'प्रदेश सरकारले कृषि र शिक्षालाई प्राथमिकतामा राखी काम अगाडि बढाएको छ, उत्पादन एवम् रोजगारमूलक क्षेत्रहरुमा मधेश प्रदेश सरकारले बजेट विनियोजन गर्न लागेको छ ।'आफूहरु नीति तथा कार्यक्रम र बजेट विनियोजनमा केन्द्रित रहेको चर्चा गर्दै निर्वाचनहरुका कारण लागेको आचारसंहिताले गर्दा अपेक्षाकृत काम अगाडि बढाउन नसकिए पनि नयाँ आर्थिक वर्ष साउनको दोस्रो सातादेखि नै मधेश प्रदेश सरकारले कामहरु अगाडि बढाउने प्रतिवद्धता व्यक्त गरे । 'अब असारे बजेट खर्च गर्ने परम्पराको हामी अन्त्य गर्नेछौं, यो मधेशी जनताको सरकारको हो, म हुन्जेलसम्म भ्रष्टाचार हुन दिन्न' उनले प्रष्ट गरे ।

शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशकुमार यादवले मधेशको साक्षरता प्रतिशत अन्यन्तै न्यून रहेकोले आफू जिम्मेवारी सम्हालेकै दिन मधेशलाई पूर्ण साक्षर प्रदेश बनाउने निर्णय गरेको बताए । 'कुनै बेला बौद्धिकताको परिचय दिने मधेश प्रदेशका जिल्लाहरुको साक्षरताको अवस्था यतिबेला कहालीलाग्दो छ' उनले भने, 'मधेश प्रदेशलाई पूर्ण साक्षर बनाउन हामी प्रतिवद्ध छौं।'

सामूदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अत्यन्तै कमजोर रहेको बताउँदै मन्त्री यादवले शैक्षिक गुणस्तर सुधारका लागि विशेष कार्यक्रम ल्याउन लागेको जानकारी गराए ।

विश्वविद्यालयका उपकुलपति डा.वैद्यनाथ महतोको अध्यक्षतामा आयोजित कार्यक्रममा रजिष्टार डा. भगवान ठाकुरले कृषिको आधुनिकीकरण र रुपान्तरण गरी जनताको सामाजिक र आर्थिक स्थितिमा सुधार ल्याउन उच्च शैक्षिक र दक्ष जनशक्ति उत्पादनमा विश्वविद्यालय प्रतिवद्ध रहेको जानकारी दिए । उनकाअनुसार विश्वविद्यालयमा हाल कृषि स्नातक कक्षा शुभारम्भ भए पनि पीएचडीसम्मको अध्ययन अध्यापनका साथै कृषिमा अनुसन्धानहरु हुनेछन् । हाल बीएसी एजी अध्ययनका लागि ५० जना विद्यार्थीले भर्ना लिएका छन् ।

शैक्षिक सत्र २०७९/८० का लागि शुरु भएको उक्त कक्षाले सप्तरीका मात्र नभइ मधेश प्रदेशका ८ वटै तथा छिमेकी प्रदेशका पनि सयौं विद्यार्थीहरु लाभान्वित हुने विश्वास गरिएको छ ।

# तलब माग गर्दै शिक्षक धर्नामा बसेपछि विद्यालयको पठनपाठन ठप्प




**विजय साह**

**बैशाख ३१ गते, ढल्केवर**

धनुषाको बटेश्वर गाउँपालिका-४, मा रहेको शिवशक्ति नमूना माध्यमिक विद्यालयको पठनपाठन एक सातादेखि ठप्प छ । विद्यालयका नमूना अनुदान तथा निजी स्रोतका शिक्षक तलबभत्ताको माग गर्दै अनिश्चितकालीन धर्नामा बसेपछि विद्यालयको सम्पूर्ण पठनपाठन अवरुद्ध भएको हो ।

विद्यालयका १९ जना शिक्षक तथा कर्मचारी वैशाख २४ गतेदेखि अनिश्चितकालीन धर्नामा बसेका छन् । २०७८ साउन महिनादेखि तलबभत्ता नपाएको उहाँहरुको भनाइ छ।

धर्नामा बसेका एक शिक्षक राजकिशोर महराका अनुसार तलवभत्ताका लागि पटक-पटक मौखिक, लिखित जानकारी गराउँदा पनि विद्यालय प्रशासनले तलबभत्ता दिन बेवास्ता गरेपछि बाध्य भएर धर्नामा बस्नु परेको बताउनुभयो । तलबभत्ता नपाउँदा साधारण जीवन यापनमा आर्थिक सङ्कट भएको बताउँदै उहाँले तलबभत्ता नपाएसम्म धर्ना कार्यक्रम जारी राख्ने जानकारी दिनुभयो ।

लामो समयदेखि शिक्षक तथा कर्मचारी धर्नामा बसेको भएपनि समस्या समाधानको प्रयास कतैबाट भएको छैन । विद्यालयका प्रधानाध्यापक प्रमोदशरण केवटका अनुसार धर्नामा बसेका शिक्षकले तलबभत्ता पाएपछि मात्र धर्ना स्थगित गर्ने अडानमा बसेकाले समस्याको निकास निस्कन नसकेको हो । नमूना अनुदानका शिक्षकलाई तलबभत्ता दिन गाउँपालिकाले रकम रोकेको र निजी स्रोतका शिक्षकलाई तलब दिन विद्यालयसँग तत्काल पैसा नभएको उहाँले बताउनुभयो ।

बटेश्वर गाउँपालिका शिक्षा शाखाका प्रमुख रामलाल महतोले विद्यालयको निजी श्रोत र नमूना अनुदानका शिक्षक तथा कर्मचारीलाई नियमले गाउँपालिकाबाट तलबभत्ता उपलब्ध गराउन नसकिने बताउनुभयो ।

निजी स्रोतका शिक्षकलाई विद्यालयको आन्तरिक आम्दानीबाट तलब दिनुपर्ने बताउँदै उहाँले विद्यालयमा देखिएका शिक्षक र प्रधानाध्यापकबीचको विवाद मिलाउन सहजीकरण भूमिका निर्वाह गरिरहेको जानकारी दिनुभयो ।

यता, विद्यालयका शिक्षक तथा कर्मचारी तलबभत्ताको माग गर्दै धर्नामा बसेपछि विद्यार्थी पनि आन्दोलित भएका छन् । विद्यार्थी भने नियमित कक्षा सञ्चालनको माग गर्दै आन्दोलन आन्दोलित भएका हुन् ।

पठनपाठन नियमित हुनुपर्ने माग गर्दै विद्यार्थीले बिहीबारदेखि विद्यालय प्रशासनविरुद्ध दिनहुँ नाराबाजी गर्दै आएका छन् । विद्यार्थीले प्रधानाध्यापक र प्रशासन कक्षमा तालासमेत ताला लगाइदिएका छन् । प्रधानाध्यापक प्रमोदशरण केवटले नियमित पठनपाठन सञ्चालनमा तदारुकता नदेखाएको विद्यार्थीको भनाइ छ । पढाई ठप्प हुँदा अध्ययनमा असर परिरहेकोले तत्काल पठनपाठन सञ्चालन गर्नुपर्ने आफूहरुको माग रहेको विद्यार्थी उमाकुमारी महतोले बताउनुभयो । शिक्षक धर्नादेखि हाम्रो कुनै सरोकार नरहेको प्रस्टयाउँदै उहाँले विगत एक महिनादेखि राम्ररी पढाई नभएको जानकारी दिनुभयो ।

विद्यालयमा जम्मा ४४ जना शिक्षक छन् । नौ जना नीजी स्रोत, १० जना नमूना अनुदान र बाँकी दरबन्दीका शिक्षक छन् । प्राथमिक तहदेखि १२ कक्षासम्म पढाई हुने यस विद्यालयमा एक हजार पाँच सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**बटेश्वर गाउँपालिका**

**बटेश्वर, धनुषा**

सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन ।

सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**भूमिगत जलश्रोत सिंचाई आयोजना, जलेश्वर, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा